# आर्थिक वर्ष 2025 "सेन्दाई शहर विदेशी बासिन्दाहरूका वास्तविक अवस्था सर्वेक्षण" सर्वेक्षण परिणाम प्रतिवेदन [सारांश संस्करण]

## I. सर्वेक्षणको सारांश

### 1. सर्वेक्षणको उद्देश्य

यो सर्वेक्षण तोउहोकु विश्वविद्यालय अन्तर्राष्ट्रिय उत्कृष्टता विश्वविद्यालयको रूपमा तोकिएको विषयबाट प्रेरित भइ, विदेशी बासिन्दाहरूको संख्यामा अपेक्षित वृद्धिलाई ध्यानमा राख्दै, राष्ट्रियता र बसोवासको योग्यता, पेशा आदिको आधारभूत जानकारी, यस शहरका नियम आदिको बारेमा जागरूकता, जीवनयापनमा सामना गर्ने कठिनाइहरू, स्थानीय समुदायसँगको उनीहरूको आदानप्रदानको वास्तविक अवस्था बुझेर विभिन्न नीतिहरूमा विचार गर्न र योजना तर्जुमा गर्न यो जानकारी प्रयोग गर्ने उद्देश्यले सम्पन्न गरिएको हो।

### 2. सर्वेक्षणको लक्षित समूह

2025 साल मे 1 तारिखको अवस्थामा सेन्दाई शहरमा बसोवास गर्ने 16 वर्ष वा सोभन्दा माथिका विदेशी बासिन्दाहरू, 16,640 जना

*2025 साल मे 2 तारिख वा त्यसपछि बसाई सर्ने सूचना दिएकाहरू बाहेक।

### 3. सर्वेक्षण विधि

लक्षित समूहलाई सर्वेक्षणमा सहयोगको लागि अनुरोध पत्र हुलाक मार्फत घरमा पठाइएको थियो र वेबसाइटमा रहेको विशेष फारम प्रयोग गरेर उत्तर प्राप्त गरिएको थियो।

### 4. सर्वेक्षण अवधि

2025 साल जुलाई 4 तारिख देखि 2025 साल अगस्ट 4 तारिखसम्म

### 5. सर्वेक्षण फारमको भाषा

सजिलो जापानी भाषा, अंग्रेजी भाषा, चिनियाँ (सरलीकृत) भाषा, चिनियाँ (परम्परागत) भाषा, कोरियन भाषा, भियतनामी भाषा,नेपाली भाषा, इन्डोनेसियन भाषा

### 6. प्राप्त उत्तरको अवस्था

| वितरण गरिएको संख्या | फिर्ता आएको संख्या | ① सम्पन्न सर्वेक्षणको संख्या (वितरण गरिएको संख्या - फिर्ता आएको संख्या) | ② मान्य उत्तरहरूको संख्या | मान्य उत्तर अनुपात (②/①) |
|---|---|---|---|---|
| 16,640 वटा | 395 वटा | 16,245 वटा | 3,500 वटा | 21.5% |

### 7. ध्यान दिनुपर्ने कुराहरू

- प्रत्येक प्रश्नको प्यारामिटर "n" ले उक्त प्रश्नको मान्य उत्तरहरूको संख्यालाई जनाउँछ।
- चार्टहरूमा संरचना अनुपात (%) दोश्रो दशमलव स्थानमा राउन्ड अफ गरेर गणना गरिएको छ। त्यसकारण, एउटा मात्र उत्तर भएका प्रश्नहरूमा, राउन्ड अफ गरेको कारणले गर्दा योगफल 100% सम्म नपुग्ने पनि हुन सक्छ। साथै, एउटा भन्दा बढी उत्तर भएका प्रश्नहरूमा, आधार संख्या प्रश्नको उत्तरदाताहरूको कुल संख्या हुने भएकोले विकल्पहरूको संरचना अनुपात 100% भन्दा बढी हुन सक्छ ।
- अन्यथा निर्दिष्ट नगरिएसम्म, प्रत्येक प्रश्नको लागि मान्य उत्तरको सङ्ख्यालाई, कुनै उत्तर नभएको सहित गणना गरिन्छ।
- पाठ र चार्टहरूमा भएका विकल्पहरूका वाक्यांशलाई छोटो वा सरलीकृत गरिएको हुन सक्छ।


## II. सर्वेक्षण विश्लेषण परिणामहरूको मुख्य बुँदा / सारांश

1. आधारभूत विशेषताहरू

| मुख्य बुँदाहरू | उमेरको हिसाबले “20 देखि 29 वर्ष उमेर” समूह 52.3% सहित सबैभन्दा बढी छ।<br>बसोवास योग्यतामा "वैदेशिक अध्ययन" 46.3% सहित सबैभन्दा बढी छ। |
|---|---|


- राष्ट्रियता र क्षेत्रहरूमा “नेपाल” भन्ने उत्तर 22.1% सहित सबैभन्दा बढी छ, त्यसपछि चीन भन्ने उत्तर 18.3% छ।
- लिङ्गको हिसाबले “पुरुष” 50.7% र “महिला” 45.6% छन्।
- उमेरको हिसाबले “20 देखि 29 वर्ष उमेर” 52.3% सहित सबैभन्दा बढी छ, त्यसपछि “30 देखि 39 वर्ष उमेर” भन्ने उत्तर 24.1% छ।

[प्रश्न 3 उमेर] को सरल गणना परिणामहरू




- सँगै बसिरहेका व्यक्ति छन् वा छैनन् भन्नेमा, “छन्” 49.3% र "छैनन्" 43.8% रहेको छ।
- बसोवासको योग्यतामा "वैदेशिक अध्ययन" 46.3% सहित सबैभन्दा बढी छ, त्यसपछि "स्थायी बासिन्दा" भन्ने उत्तर 15.2% छ।

[प्रश्न 5 बसोवासको योयता] को सरल गणना परिणामहरू





- हाल गरिरहेका काममा "कम्पनी कर्मचारी" भन्ने उत्तर 20.9% सहित सबैभन्दा बढी छ, त्यसपछि "जापानी भाषा स्कूलका विद्यार्थी" भन्ने उत्तर 17.0% छ।

## 2. भाषा

| मुख्य बुँदाहरू | जापानी भाषा प्रवीणतामा “बोल्ने” “सुन्ने” क्षमता “लेख्ने” “पढ्ने” क्षमताभन्दा राम्रो छ।<br>जापानी भाषा सिकाईको स्थितिमा "पुस्तकहरू वा अनलाइन प्रयोग गरेर आफैं सिकिरहेको" भन्ने उत्तर 23.0% सहित सबैभन्दा बढी छ। |
|---|---|


- जापानी भाषा प्रवीणताको भारित औसतमा आधारित गणनामा “बोल्ने” 70.2%, “सुन्ने” 71.1%, “लेख्ने” 62.6% र “पढ्ने” 65.7% रहेको छ।

[प्रश्न 7 जापानी भाषा प्रवीणता] को भारित औसतमा आधारित सरल गणना परिणामहरू




- जापानी भाषा सिकाईको स्थितिमा "पुस्तकहरू वा अनलाइन प्रयोग गरेर आफैं सिकिरहेको" भन्ने उत्तर 23.0% सहित सबैभन्दा बढी छ, त्यसपछि "जापानी भाषा विद्यालयमा सिकिरहेको" भन्ने उत्तर 21.4% छ।

[प्रश्न 8 जापानी भाषा सिकाईको स्थिति] को सरल गणना परिणामहरू





- जापानी भाषा नपढ्नुको कारणहरूमा पहिलो स्थानमा "जापानी भाषा प्रयोग गर्न सक्ने भएकोले" भन्ने उत्तर 50.4% सहित सबैभन्दा बढी, त्यसपछि "बालबालिका हुर्काउन व्यस्त भएर सिक्न समय नभएकोले" भन्ने उत्तर 17.5% छ।
- जापानी भाषा सिक्न चाहने विधिको पहिलो स्थानमा "जापानी मानिसहरूसँग कुराकानी गरेर सिक्ने" भन्ने 35.9% उत्तर सहित सबैभन्दा बढी, त्यसपछि "घर वा काम नजिकै सिक्ने" र "इन्टरनेट वा एप मार्फत आफ्नो सुविधाको समयमा सिक्ने" भन्ने उत्तर दुवै 13.4% छ।
- अंग्रेजी भाषा प्रवीणताको भारित औसतमा आधारित गणनामा “बोल्ने” 65.4%, “सुन्ने” 67.5%, “लेख्ने” 68.8% र “पढ्ने” 72.7% रहेको छ।

3. बसोवास

| मुख्य बुँदाहरू | जापानमा बसोवास गरेको वर्षमा "1 देखि 2 वर्ष" भन्ने उत्तर 28.3% सहित सबैभन्दा बढी छ।<br>बसोवास गर्ने आवासमा "निजी भाडाको आवास" भन्ने उत्तर 53.5% सहित सबैभन्दा बढी छ। |
|---|---|


- जापानमा बसोवास गरेको वर्ष "1 देखि 2 वर्ष" भन्ने उत्तर 28.3% सहित सबैभन्दा बढी छ, त्यसपछि "1 वर्ष भन्दा कम" भन्ने उत्तर 17.5% छ।

[प्रश्न 12 जापानमा बसोवास गरेको वर्ष] को सरल गणना परिणामहरू




- बसोवास गर्ने आवासमा "निजी भाडाको आवास" भन्ने उत्तर 53.5% सहित सबैभन्दा बढी, त्यसपछि "कम्पनी वा स्कूलको आवास/छात्रावास/कम्पनी आवास" भन्ने उत्तर 24.4% छ।

[प्रश्न 13 बसोवास गर्ने आवास] को सरल गणना परिणामहरू





- घर खोज्ने तरिकामा "कम्पनी वा विद्यालयबाट सिफारिस गरिएको" भन्ने उत्तर 25.3% सहित सबैभन्दा बढी, त्यसपछि "घर जग्गा एजेन्सीमा गएको" भन्ने उत्तर 23.0% छ।
- घर खोज्दाको कठिनाइको विषयमा "घर भाडा, धरौटी र कि मनि महँगो छ (पैसा लाग्छ)" भन्ने उत्तर 41.5% सहित सबैभन्दा बढी, त्यसपछि "छैन" भन्ने उत्तर 35.3% छ।

4. जीवनयापन

| मुख्य बुँदाहरू | सेन्दाई शहरको बसोवास सहजतामा, "बसोवास गर्न सहज" र "बसोवास गर्न केही हदसम्म सहज" को कुल 87.6% छ। |
|---|---|

- सेन्दाई शहरमा बसोवासको सहजतामा "बसोवास गर्न सहज छ" भन्ने उत्तर 64.2% सहित सबैभन्दा बढी, त्यसपछि "बसोवास गर्न केही हदसम्म सहज छ" भन्ने उत्तर 23.4% छ।

[प्रश्न 16 सेन्दाई शहरको बसोवास सहजता] को सरल गणना परिणामहरू




- सेन्दाई शहरको राम्रो कुरामा "यहाँ प्रशस्त प्रकृति (रूखहरू, नदीहरू, पहाडहरू आदि) छ" भन्ने उत्तर 58.0% सहित सबैभन्दा बढी, त्यसपछि " स्कूल, काम र किनमेलमा जान आदि दैनिक जीवनयापनको लागि सुविधाजनक छ" भन्ने उत्तर 50.4% छ।
- सेन्दाई शहर / जापानमा बसोवास जारी राख्न चाहनु हुन्छ कि भनेर सोधिएको प्रश्नमा "सेन्दाई शहरमा बसोवास जारी राख्न चाहन्छु" भन्ने उत्तर 49.5% सहित सबैभादा बढी, त्यसपछि "सेन्दाई शहरमा हुन्छु कि हुँदैन थाहा छैन, तर जापानमा बसोवास गर्न जारी राख्न चाहन्छु" भन्ने उत्तर 33.2% छ।
- निवासी कर आदि कर तिर्ने कुराको सचेतनाको सम्बन्धमा "थाहा छ" भन्ने उत्तर 87.1%, चिकित्सा बीमामा सामेल हुने सम्बन्धमा "थाहा छ" भन्ने उत्तर 93.3% रहेको छ।
- आफ्नो दैनिक जीवनयापनमा आउने चिन्ताको विषय वा समस्याहरूमा "कहिल्यै कुनै चिन्ताको विषय वा समस्या भोगेका छैन" 35.3% सहित सबैभन्दा बढी, त्यसपछि "कर र पेन्सन प्रणालीले कसरी काम गर्छ वा कसरी तिर्ने भनेर नबुझेका कारण कठिनाइ भएको /समस्या भोगेको" भन्ने उत्तर 24.7% छ।
- दैनिक जीवनयापनमा कठिनाई हुँदा वा समस्या पर्दा परामर्श गर्ने व्यक्तिमा "आफ्नै देशका साथी वा परिचितहरू" भन्ने उत्तर 36.4% सहित सबैभन्दा बढी, त्यसपछि "परिवार" भन्ने उत्तर 20.9% छ।

## 5. जानकारी

| मुख्य बुँदाहरू | जानकारी प्राप्त गर्नको लागि चाहेको सहयोगको बारेमा "सजिलो जापानी भाषामा जानकारी" भन्ने उत्तर 37.3% सहित सबैभन्दा बढी छ। |
|---|---|

- जानकारी प्राप्त गर्ने तरिकाको पहिलो स्थानमा "सँगै बसोवास गर्ने परिवारका सदस्यहरू" भन्ने उत्तर 24.1% सहित सबैभन्दा बढी, त्यसपछि "स्कूलका शिक्षक वा कामका सहकर्मीहरू" भन्ने उत्तर 17.6% छ।
- जानकारी प्राप्त गर्नको लागि चाहेको सहयोगको बारेमा पहिलो स्थानमा "सजिलो जापानी भाषामा जानकारी" भन्ने उत्तर 37.3% सहित सबैभन्दा बढी, त्यसपछि "अंग्रेजी भाषामा जानकारी" भन्ने उत्तर 20.6% छ।

[प्रश्न 24 जानकारी प्राप्त गर्नको लागि चाहेको सहयोग] को सरल गणना परिणामहरू

| | स्थान (n = 3,500) | | |
|---|---|---|---|
| | पहिलो स्थान | दोस्रो स्थान | तेस्रो स्थान |
| सजिलो जापानी भाषामा जानकारी उपलब्ध | 37.3% | 16.0% | 8.2% |
| अंग्रेजीमा जानकारी उपलब्ध | 20.6% | 21.3% | 8.6% |
| आफ्नो भाषामा जानकारी उपलब्ध | 17.1% | 16.0% | 15.2% |
| फोन नम्बर बिना नै इन्टरनेट फोन मार्फत सोध्न सकिने | 4.3% | 8.1% | 9.9% |
| इमेल वा सामाजिक सञ्जाल मार्फत सोध्न सकिन्छ | 1.9% | 6.4% | 11.7% |
| अन्य | 0.4% | 0.4% | 0.9% |
| छैन | 7.4% | 0.9% | 3.4% |
| उत्तर नआएको | 10.9% | 30.8% | 42.1% |

## 6. कल्याण/चिकित्सा सेवा

| मुख्य बुँदाहरू | बिरामी वा घाइते हुँदा आउने कठिनाइमा "धेरै प्रकारका अस्पतालहरू भएकोले कसरी फेला पार्ने भन्ने थाहा छैन" भन्ने उत्तर 30.2% सहित सबैभन्दा बढी छ। |
|---|---|

- अस्पताल जान आवश्यक परेको बेला के गर्नुहुन्छ भन्ने प्रश्नमा "एक्लै जान्छु" भन्ने उत्तर 46.5% सहित सबैभन्दा बढी, त्यसपछि "परिवारसँग जान्छु" भन्ने उत्तर 25.3% छ।
- बिरामी/घाइते हुँदाको कठिनाइको पहिलो स्थानमा "धेरै प्रकारका अस्पतालहरू भएकोले कसरी फेला पार्ने भन्ने थाहा छैन" भन्ने उत्तर 30.2% सहित सबैभन्दा बढी, त्यसपछि "म जापानी बोल्न नसक्ने भएकोले, अपोइन्टमेन्ट लिन वा चिकित्सा जाँच गराउन सक्दिनँ" भन्ने उत्तर 21.0% छ।

[प्रश्न 26 बिरामी/घाइते हुँदाको कठिनाइ] को सरल गणना परिणामहरू


| | स्थान (n = 3,500) | | |
|---|---|---|---|
| | पहिलो स्थान | दोस्रो स्थान | तेस्रो स्थान |
| म जापानी बोल्न नसक्ने भएकोले, अपोइन्टमेन्ट लिन वा चिकित्सा जाँच गराउन सक्दिनँ | 21.0% | 4.8% | 3.3% |
| धेरै प्रकारका अस्पतालहरू भएकोले खोज्ने तरिका थाहा छैन | 30.2% | 15.5% | 5.5% |
| जापानी भाषा पढ्न वा लेख्न नसक्ने भएकोले अस्पतालको कागजी कार्य पूरा गर्न सक्दिनँ | 4.7% | 10.9% | 9.7% |
| दिइएको औषधि कसरी प्रयोग गर्ने थाहा छैन | 1.0% | 3.0% | 3.2% |
| अस्पतालको खर्च महँगो छ | 7.2% | 10.7% | 8.1% |
| आफ्नो देशको भन्दा फरक स्वास्थ्य सेवा पाउने बारेमा चिन्ता छ | 4.3% | 7.9% | 10.7% |
| अन्य | 1.7% | 1.2% | 1.3% |
| कठिनाइ छैन | 18.3% | 0.0% | 0.0% |
| उत्तर नआएको | 11.6% | 46.0% | 58.1% |

## 7. बालबालिका हुर्काउने / शिक्षा

| | |
|---|---|
| मुख्य बुँदाहरू | बालबालिका "छन्" 16.8%। जाने नर्सरी स्कूल / विद्यालयमा "प्राथमिक विद्यालय" भन्ने उत्तर 39.6% सहित सबैभन्दा बढी, त्यसपछि "नर्सरी स्कल" भन्ने उत्तर 22.4% छ। |

- बालबालिका छन् वा छैनन् भन्ने प्रश्नमा "छन्" 16.8% र "छैनन्" 77.2% रहेको छ।
- बालबालिका जाने नर्सरी स्कूल / विद्यालयमा "प्राथमिक विद्यालय" भन्ने उत्तर 39.6% सहित सबैभन्दा बढी, त्यसपछि "नर्सरी स्कूल" भन्ने उत्तर 22.4% छ।

[प्रश्न 28 बालबालिका जाने नर्सरी स्कूल / विद्यालय] को सरल गणना परिणामहरू





- बालबालिका हुर्काउने र शिक्षा सम्बन्धी कुनै कठिनाइ वा चिन्ता "छैन" भन्ने उत्तर 43.7% सहित सबैभन्दा बढी, त्यसपछि "बालबालिका हुर्काउन र शिक्षामा पैसा लाग्छ" भन्ने जवाफ 25.3% छ।
- आफ्ना बालबालिकाले मनको शान्तिका साथ विद्यालय जान सकून् भनी सुनिश्चित गर्न उनीहरूले चाहेको सहयोगको बारेमा "जापानी भाषा नबोल्ने अभिभावकहरूको लागि सहयोग (जापानी भाषा शिक्षा आदि)" भन्ने उत्तर 36.1% सहित सबैभन्दा बढी, त्यसपछि "बहुभाषामा अध्ययन र दैनिक जीवनयापनको बारेमा सिकाउने" भन्ने उत्तर 35.0% छ।

## 8. काम

| मुख्य बुँदाहरू | काम खोज्ने तरिकामा “आफ्नो देशका साथी वा परिचितहरूबाट सिफारिस” भन्ने उत्तर 21.3% सहित सबैभन्दा बढी छ।<br>काममा समस्या वा असन्तुष्टिको बारेमा "छैन" भन्ने उत्तर 36.7% सहित सबैभन्दा बढी छ। |
|---|---|


- काम खोज्ने तरिकामा “आफ्नो देशका साथी वा परिचितहरूबाट सिफारिस” भन्ने उत्तर 21.3% सहित सबैभन्दा बढी, त्यसपछि “काम गरिरहेको छैन” भन्ने उत्तर 20.7% छ।

[प्रश्न 31 काम खोज्ने तरिका] को सरल गणना परिणामहरू




- कामसँग सम्बन्धित कठिनाइ र असन्तुष्टि बारेमा "छैन" भन्ने उत्तर 36.7% सहित सबैभन्दा बढी, त्यसपछि "कम तलब" भन्ने उत्तर 27.8% छ।

[प्रश्न 32 कामसँग सम्बन्धित कठिनाइ र असन्तुष्टि] को सरल गणना परिणामहरू




## 9. विपद् रोकथाम/संकट व्यवस्थापन

| मुख्य बुँदाहरू | विपद् सम्बन्धी चिन्ताको बारेमा "कुनै चिन्ता छैन" भन्ने उत्तर 35.5% सहित सबैभन्दा बढी छ।<br>विपदको तयारीको लागि गरिरहेको करामा "विपदको बारेमा थाहा छ" भन्ने उत्तर 45.0% सहित सबैभन्दा बढी छ। |
|---|---|


- विपद्को सम्बन्धी चिन्ताको बारेमा "कुनै चिन्ता छैन" भन्ने उत्तर 35.5% सहित सबैभन्दा बढी, त्यसपछि "विपद् आएमा के गर्ने भनेर थाहा छैन" भन्ने उत्तर 23.9% छ।

[प्रश्न 33 विपद्को सम्बन्धी चिन्ता] को सरल गणना




- विपद्को लागि तयारी गरेको कुरामा "विपद्को बारेमा थाहा छ" भन्ने उत्तर 45.0% सहित सबैभन्दा बढी, त्यसपछि "विपद्को अवस्थामा प्रयोग गर्न खाना र वस्तुहरू तयार गरेको छु" भन्ने उत्तर 37.9% छ।

[प्रश्न 34 विपद्को लागि तयारी गरेको कुरा] को सरल गणना परिणामहरू




## 10. स्थानीय समुदायसँगको आदानप्रदान

| | |
|---|---|
| मुख्य बुँदाहरू | स्थानीय समुदायसँगको आदानप्रदानको सन्दर्भमा "काम वा विद्यालयमा आदानप्रदान गरिरहेको" भन्ने उत्तर 46.0% सहित सबैभन्दा बढी छ।<br>गर्न चाहेको आदानप्रदानको विषयवस्तुमा "जापानी संस्कृति र रीतिरिवाजहरूको बारेमा सिक्न चाहन्छु" भन्ने उत्तर 50.7% सहित सबैभन्दा बढी छ। |


- स्थानीय समुदायसँगको आदानप्रदानको अवस्थाको बारेमा "काम वा विद्यालयमा आदानप्रदान गरिरहेको" भन्ने उत्तर 46.0% सहित सबैभन्दा बढी, त्यसपछि "छिमेकमा बसोवास गर्ने मानिसहरूलाई अभिवादन गर्ने" भन्ने उत्तर 33.8% छ।

"प्रश्न 35 स्थानीय समुदायसँगको आदानप्रदान] को सरल गणना परिणामहरू




- गर्न चाहेको आदानप्रदानको विषयवस्तुमा पहिलो स्थानमा "जापानी संस्कृति र रीतिरिवाजहरूको बारेमा सिक्न चाहन्छु" भन्ने उत्तर 50.7% सहित सबैभन्दा बढी, त्यसपछि "जात्रा र प्रकोप रोकथाम अभ्यास आदि, बसोवास गरिरहेको ठाउँको स्थानीय कार्यक्रमहरूमा भाग लिन चाहन्छु" भन्ने उत्तर 38.9% छ।

[प्रश्न 36 गर्न चाहेको आदानप्रदानको विषयवस्तु] को सरल गणना परिणामहरू




- आदानप्रदान नगर्नुको कारण वा समस्यामा "कस्ता अवसरहरू उपलब्ध छन् भनेर थाहा छैन" भन्ने उत्तर 39.9% सहित सबैभन्दा बढी, त्यसपछि "कुराकानी गर्न सक्छु कि सक्दिनँ भनेर चिन्तित छु" भन्ने उत्तर 27.0% छ।

## 11. प्रशासनिक सेवाहरू

| मुख्य बुँदाहरू | शहर कार्यालयको सेवा डेस्कहरूमा आइपर्ने कठिनाइहरूमा "छैन" भन्ने उत्तर 36.9% सहित सबैभन्दा बढी, त्यसपछि "कागजातहरू बुझ्न सजिलो जापानी भाषा वा बहभाषामा नलेखिएकोले कठिनाइ भयो" भन्ने उत्तर 23.9% छ। |
|---|---|

- शहर कार्यालयको सेवा डेस्कहरूमा जाँदा आइपर्ने कठिनाइहरूको पहिलो स्थानमा "छैन" भन्ने उत्तर 36.9% सहित सबैभन्दा बढी, त्यसपछि "कागजातहरू बुझ्न सजिलो जापानी भाषा वा बहुभाषाहरूमा नलेखिएकोले कठिनाई भयो" भन्ने उत्तर 23.9% छ।

[प्रश्न 38 शहर कार्यालयको सेवा डेस्कहरूमा जाँदा आइपर्ने समस्याहरू] को सरल गणना परिणामहरू

| | स्थान (n = 3,500) | | |
|---|---|---|---|
| | पहिलो स्थान | दोस्रो स्थान | तेस्रो स्थान |
| कागजातहरू सजिलो जापानी भाषा वा बहुभाषाहरूमा नलेखिएकोले कठिनाइ भयो। | 23.9% | 6.2% | 5.8% |
| सेवा डेस्कहरूको नाम विदेशी भाषामा लेखिएको थिएन, त्यसैले कुन डेस्कमा जाने भनेर थाहा पाउन कठिनाइ भयो। | 7.6% | 12.2% | 5.2% |
| भाषा नबुझेकोले कर्मचारीहरूसँग कुरा गर्न कठिनाइ भयो। | 10.8% | 12.1% | 8.9% |
| कर्मचारीहरूले बोल्ने भाषामा प्राविधिक शब्दावली धेरै भएकोले कठिनाइ भयो। | 7.1% | 7.3% | 8.7% |
| अन्य | 2.2% | 0.7% | 1.2% |
| छैन | 36.9% | 1.0% | 2.2% |
| उत्तर नआएको | 11.5% | 60.6% | 68.0% |

## III स्वतन्त्र राय

[उत्तरहरूको कुल संख्या: 2,062]

| प्रमुख वर्गीकरण | सङ्ख्या | विस्तृत वर्गीकरण | सङ्ख्या |
|---|---|---|---|
| भाषा | 62 | जापानी भाषा सिकाइ | 43 |
| | | जापानी भाषा प्रवीणता | 13 |
| | | अन्य | 6 |
| निवास | 57 | घर भाडा सम्झौता/घरभाडा | 25 |
| | | आवास खोजी | 24 |
| | | अन्य | 8 |
| जीवनयापन | 856 | बसोवास सहजता समग्रमा | 235 |
| | | उपभोग्य वस्तुको मूल्य र जीवनयापन खर्च | 155 |
| | | बहुसांस्कृतिक समझदारी | 101 |
| | | सार्वजनिक यातायात | 93 |
| | | कर/चिकित्सा बीमा/पेन्सन | 84 |
| | | गाडी/साइकल/यातायातको अवस्था | 45 |
| | | मनोरञ्जन / खेलकुद / कला संस्कृति | 35 |
| | | सुरक्षा/मनको शान्ति | 25 |
| | | खानपिन / किनमेल | 24 |
| | | पर्यटन | 22 |
| | | फोहोर फाल्ने नियमहरू | 17 |
| | | वातावरण संरक्षण | 11 |
| | | अन्य | 9 |
| जानकारी | 96 | बहुभाषी सहायता | 76 |
| | | जानकारी प्रसार | 15 |
| | | अन्य | 5 |
| कल्याण/चिकित्सा सेवा | 37 | अस्पताल खोजी | 18 |
| | | बहुभाषी सहायता | 10 |
| | | अन्य | 9 |
| बालबालिका हुर्काउने / शिक्षा | 75 | बालबालिका हुर्काउन सहयोग | 28 |
| | | बालबालिकाको लागि खेल क्षेत्र | 21 |
| | | विद्यालय | 20 |
| | | अन्य | 6 |
| काम | 294 | शिक्षा र रोजगारीका अवसरहरू | 170 |
| | | तलब / काम गर्ने वातावरण | 116 |
| | | अन्य | 8 |
| विपद् रोकथाम/संकट व्यवस्थापन | 26 | विपद् रोकथाम/न्यूनीकरणका उपायहरू | 17 |
| | | जानकारी प्रसार | 9 |
| स्थानीय समुदायसँग आदानप्रदान | 98 | स्थानीय समुदायसँगको आदानप्रदान समग्रमा | 56 |
| | | आदानप्रदान कार्यक्रमहरू | 24 |
| | | जानकारी प्रसार | 11 |
| | | अन्य | 7 |
| प्रशासनिक सेवाहरू | 151 | बहुभाषी सहायता | 57 |
| | | परामर्श डेस्क/जीवनयापन सहयोग | 45 |
| | | प्रक्रियाहरू समग्र | 25 |
| | | डिजिटलाइजेसन / अनलाइन | 15 |
| | | अन्य | 9 |
| अन्य | 310 | कुनै राय छैन (कठिनलाई छैन सहित) | 205 |
| | | राय सुन्ने अवसर (यस सर्वेक्षण बारे रायहरू सहित) | 33 |
| | | कृतज्ञता र सहयोगी टिप्पणीहरू | 25 |
| | | बसोवास व्यवस्थापन प्रणाली | 21 |
| | | अन्य | 26 |

[मुख्य विषयवस्तु]

① प्रमुख वर्गीकरण

- "अन्य" बाहेकमा "जीवनयापन" 856 वटा उत्तर सहित सबैभन्दा बढी थियो। त्यसपछि 294 वटा उत्तर रहेको "काम" र 151 वटा उत्तर रहेको "प्रशासनिक सेवाहरू" थिए।

② विस्तृत वर्गीकरण

- "भाषा" को सन्दर्भमा "जापानी भाषा सिकाइ" (43 वटा) को रूपमा वर्गीकरण गरेका रायहरू सबैभन्दा बढी थिए, जसमा समय वा स्थान र अनलाइनको प्रयोग जस्ता सहभागी हुन सजिलो हुने जापानी भाषा सिक्ने अवसरहरूको बारेमा रायहरू प्राप्त भएका थिए।
- "बसोवास" को सन्दर्भमा "घर भाडा सम्झौता/घर भाडा" (25 वटा) र "आवास खोजी" (24 वटा) को रूपमा वर्गीकरण गरेका रायहरू सबैभन्दा बढी थिए, जसमा घर भाडा/घर भाडा सम्झौता र आवास खोजीमा कठिनाइको बारेमा रायहरू प्राप्त भएका थिए।
- "जीवनयापन" को सन्दर्भमा "बसोवास सहजता समग्रमा" (235 वटा) को रूपमा वर्गीकरण गरेका विषयहरू सबैभन्दा बढी थिए, जसमा सेन्दाईका राम्रा पक्षहरूको बारेमा धेरै विशिष्ट टिप्पणीहरू प्राप्त भएका थिए। "उपभोग्य वस्तुको मूल्य र जीवनयापन खर्च" (155 वटा) र "कर/चिकित्सा बीमा/पेन्सन" (84 वटा) को रूपमा वर्गीकरण गरेका रायहरू बढी थिए , जसमा हालैको मूल्य वृद्धिको प्रभावका कारण जीवनयापन खर्च र कर/सामाजिक बीमा शुल्क तिर्ने बारेमा रायहरू बढी थिए। "बहुसांस्कृतिक समझदारी" को रूपमा वर्गीकरण गरिएका रायहरू (101 वटा) ले सांस्कृतिक भिन्नताका कारण हुने कठिनाइहरूमा टिप्पणीहरू प्राप्त भएका थिए। "सार्वजनिक यातायात" (93 वटा) को रूपमा वर्गीकरण गरिएका रायहरूमा बसहरूको बारेमा रायहरू बढी थिए।
- "जानकारी" को सन्दर्भमा "बहुभाषी सहायता" (76 वटा) को रूपमा वर्गीकरण गरेका रायहरू सबैभन्दा बढी थिए, जसमा बहुभाषी डिस्प्ले प्रशस्त बनाउने सम्बन्धमा रायहरू प्राप्त भएका थिए।
- "कल्याण/चिकित्सा सेवा" को सन्दर्भमा "अस्पताल खोजी" (18 वटा) को रूपमा वर्गीकरण गरेका रायहरू सबैभन्दा बढी थिए, जसमा चिकित्सा संस्थाहरू फेला पार्न सजिलो बनाउने प्रणाली सिर्जना गर्ने सम्बन्धमा रायहरू प्राप्त भएका थिए।
- "बालबालिका हुर्काउने / शिक्षा" को सम्बन्धमा, "बालबालिका हुर्काउन सहयोग" (28 वटा) र "बालबालिकाको लागि खेल क्षेत्र" (21 वटा) मा वर्गीकरण गरिएका रायहरू धेरै थिए, जसमा बालबालिका हुर्काउने प्रणालीको सुधार र बालबालिकाको खेल क्षेत्रहरूको विकासको बारेमा रायहरू प्राप्त भएका थिए।
- "काम" को सन्दर्भमा "शिक्षा र रोजगारीका अवसरहरू" (170 वटा) र "तलब/कामगर्ने वातावरण" (116 उत्तरहरू) को रूपमा वर्गीकरण गरेका रायहरू सबैभन्दा बढी थिए, जसमा पार्ट-टाइम काम खोजी र तलबको स्तरहरूको सम्बन्धमा रायहरू प्राप्त भएका थिए।
- "विपद् रोकथाम/संकट व्यवस्थापन" को सन्दर्भमा "विपद् रोकथाम/न्यूनीकरणका उपायहरू" (17 वटा) को रूपमा वर्गीकरण गरेका रायहरू सबैभन्दा बढी थिए, जसमा विपद्को समयमा प्रतिक्रियाको बारेमा राय प्राप्त भएका थिए।
- "स्थानीय समुदायसँगको आदानप्रदान" को सन्दर्भमा "स्थानीय समुदायसँगको आदानप्रदान समग्रमा" (56 वटा) को रूपमा वर्गीकरण गरेका रायहरू सबैभन्दा बढी थिए, जसमा समुदायका मानिसहरूलाई चिन्ने अवसरहरू र आफ्नै अनुभवहरूको प्रयोग हुने आदानप्रदान आदि स्थानीय आदानप्रदानको सन्दर्भमा विस्तृत विचारहरू प्राप्त भएका थिए।
- "प्रशासनिक सेवाहरू" को सन्दर्भमा "बहुभाषिक समर्थन" (57 वटा) को रूपमा वर्गीकरण गरेका रायहरू सबैभन्दा बढी थिए, जसमा प्रक्रियाहरूमा भाषा समर्थन र कागजातहरूको बहुभाषीकरणको बारेमा रायहरू प्राप्त भएका थिए।
- "अन्य" को सन्दर्भमा "कुनै राय छैन (कठिनाइ छैन सहित)" (205 वटा) थिए र यस सर्वेक्षणको सम्बन्धमा अन्य रायहरू पनि प्राप्त भएका छन्।

## IV. सर्वेक्षण प्रश्नहरू (सजिलो जापानी भाषा)

1. आधारभूत विशेषताहरू

1. आधारभूत विवरण

प्रश्न1　तपाईंको राष्ट्रियता वा क्षेत्र भन्नुहोस्। अन्यको खण्डमा नाम लेख्नुहोस्। (एउटा मात्र)

| |
|---|
| 1. चीन　2. नेपाल　3. भियतनाम　4. दक्षिण कोरिया　5. म्यानमार　6. फिलिपिन्स　7. इन्डोनेसिया<br>8. श्रीलंका　9. संयुक्त राज्य अमेरिका　10. बंगलादेश　11. ताइवान　12. थाइल्याण्ड　13. भारत<br>14. कोरिया　15. मंगोलिया　16. अन्य (देशको नाम: 　　　　　) |

प्रश्न2　तपाईंको लिङ्ग भन्नुहोस्। (एउटा मात्र)

| |
|---|
| 1. पुरुष<br>2. महिला<br>3. जवाफ नदिने |

प्रश्न3　तपाईंको उमेर भन्नुहोस्। (एउटा मात्र)

| |
|---|
| 1. 16~19 वर्ष<br>2. 20 वर्ष~29 वर्ष<br>3. 30 वर्ष~39 वर्ष<br>4. 40 वर्ष~49 वर्ष<br>5. 50 वर्ष~59 वर्ष<br>6. 60 वर्ष~69 वर्ष<br>7. 70 वर्ष~79 वर्ष<br>8. 80 वर्ष~ |

प्रश्न4　तपाईंसँग अन्य कोही बसोबास गरिरहेको छ? व्यक्तिको संख्या पनि लेख्नुहोस्। (मिल्ने विकल्पहरू सबै)

| |
|---|
| 1. छैन<br>2. पति वा पत्नी/पार्टनर (　जना)<br>3. 18 वर्ष भन्दा कम उमेरको बच्चा (　जना)<br>4. 18 वर्ष वा सोभन्दा माथिको बच्चा (　जना)<br>5. बुबाआमा (　जना)<br>6. दाजुभाइ दिदीबहिनी (　जना)<br>7. साथी वा चिनेको मान्छे (　जना)<br>8. अन्य (विस्तृत विवरण: 　　　　जना) |

प्रश्न5　तपाईंको बसोबास योग्यता कुन हो? (एउटा मात्र)

| |
|---|
| 1. विदेशी विद्यार्थी　2. स्थायी बसोबासी　3. इन्जिनियर, मानविकी तथा अन्तर्राष्ट्रिय विशेषज्ञ<br>4. प्राविधिक प्रशिक्षण　5. पारिवारिक बसाइ　6. विशेष स्थायी बसोबासी　7. निर्दिष्ट प्राविधिक सीप<br>8. जापानी नागरिकको पति वा पत्नी आदि　9. प्राध्यापक　10. विशिष्ट गतिविधि<br>11. निर्धारित स्थायी बसोबासी　12. प्राविधिक सीप　13. शिक्षा　14. कम्पनी सञ्चालक वा व्यवस्थापक<br>15. उच्च दक्ष विशेषज्ञ　16. अन्य (विस्तृत विवरण: 　　　) |

प्रश्न6 हालको तपाईंको स्थिति वा पद (विद्यार्थी, कम्पनीको कर्मचारी आदि) सँग सबैभन्दा मिल्ने विकल्प चयन गर्नुहोस्। (एउटा मात्र)

| |
|---|
| 1. उ. मा. वि. विद्यार्थी 2. विश्वविद्यालय विद्यार्थी 3. विश्वविद्यालय स्नातकोत्तर विद्यार्थी<br>4. जापानी भाषा विद्यालय विद्यार्थी 5. भोकेसनल विद्यालय विद्यार्थी (जापानी भाषा विद्यालय विद्यार्थी बाहेक)<br>6. अनुसन्धानकर्ता 7. शैक्षिक संस्था कर्मचारी 8. कम्पनी सञ्चालक वा कार्यकारी<br>9. पूर्णकालिक कर्मचारी 10. आफ्नै व्यवसाय मालिक 11. पार्ट टाइम वा आरुबाइतो (विद्यार्थी बाहेक)<br>12. घरको काममा समर्पित 13. अन्य (विस्तृत विवरण: ) |

2. भाषा

प्रश्न7 तपाईंलाई कत्तिको जापानी भाषा आउँछ? (प्रत्येकमा एउटा मात्र)

| | |
|---|---|
| ▼बोलाइ | 1. समस्या बिना बोल्न सक्छु<br>2. दैनिक जीवनमा समस्या नहुने स्तरमा बोल्न सक्छु<br>3. बिस्तारै छोटो कुराकानी गर्न सक्छु<br>4. शब्द भन्न सक्छु<br>5. बोल्न सक्दिनँ |
| ▼सुनाइ | 1. समस्या बिना सुनेर बुझ्न सक्छु<br>2. दैनिक जीवनमा समस्या नहुने स्तरमा सुनेर बुझ्न सक्छु<br>3. अरूले बिस्तारै बोलेको सुनेर बुझ्न सक्छु<br>4. शब्द सुनेर बुझ्न सक्छु<br>5. बुझ्न सक्दिनँ |
| ▼लेखाइ | 1. समस्या बिना लेख्न सक्छु<br>2. दैनिक जीवनमा समस्या नहुने स्तरमा लेख्न सक्छु<br>3. सजिलो कान्जी, काताकाना र हिरागाना लेख्न सक्छु<br>4. काताकाना र हिरागाना लेख्न सक्छु<br>5. लेख्न सक्दिनँ |
| ▼पढाइ | 1. समस्या बिना पढ्न सक्छु<br>2. दैनिक जीवनमा समस्या नहुने स्तरमा पढ्न सक्छु<br>3. सजिलो कान्जी, काताकाना र हिरागाना पढ्न सक्छु<br>4. काताकाना र हिरागाना पढ्न सक्छु<br>5. पढ्न सक्दिनँ |

प्रश्न8 तपाईंले हाल जापानी भाषा अध्ययन गरिरहनुभएको छ? (सबैभन्दा मिल्ने विकल्प एउटा मात्र)

| |
|---|
| 1. अध्ययन गर्नु आवश्यक छैन<br>2. अध्ययन गर्न चाहन्छु तर अध्ययन गर्न सक्दिनँ<br>3. विश्वविद्यालय वा कार्यस्थलमा अध्ययन गरिरहेको छु<br>4. जापानी भाषा विद्यालयमा अध्ययन गरिरहेको छु<br>5. स्थानीय जापानी भाषा क्लासमा अध्ययन गरिरहेको छु<br>6. पाठ्यपुस्तक वा अनलाइन मार्फत आफैले अध्ययन गरिरहेको छु<br>7. परिवारबाट सिकिरहेको छु<br>8. जापानी चिनेको मान्छे वा साथीबाट सिकिरहेको छु<br>9. अन्य (विस्तृत विवरण: ) |

प्रश्न9 तपाईंले जापानी भाषा अध्ययन नगर्नुको कारण के हो? (शीर्ष 3 वटासम्म चयन गरी पहिलो, दोस्रो र तेस्रोको क्रममा)

(प्रश्न 8 मा "1. सिक्न आवश्यक छैन" वा "2. सिक्न चाहन्छु तर सक्दिनँ" भन्ने उत्तर दिने व्यक्तिहरूले मात्र यो प्रश्नको उत्तर दिनुहोस्)

| |
|---|
| 1. जापानी भाषा प्रयोग नगरे पनि दैनिक जीवनमा समस्या नहुने हुनाले |
| 2. परिवार, साथी आदिले अनुवाद गरिदिने हुनाले |
| 3. जापानी भाषा प्रयोग गर्न सक्ने हुनाले |
| 4. काम, बच्चा हुर्काउने आदिमा व्यस्त भई अध्ययन गर्ने समय नहुनाले |
| 5. जापानी भाषा अध्ययन गर्न सक्ने ठाउँ थाहा नहुनाले |
| 6. नजिकै जापानी भाषा विद्यालय नहुनाले |
| 7. नजिकै स्थानीय जापानी भाषा क्लास नहुनाले |
| 8. अध्ययन गर्ने पैसा नहुनाले |
| 9. अन्य (विस्तृत विवरण: ) |

प्रश्न 10 तपाईं कस्तो वातावरण भएमा जापानी भाषा अध्ययन गरेर हेर्न चाहनुहुन्छ? (शीर्ष 3 वटासम्म चयन गरी पहिलो, दोस्रो र तेस्रोको क्रममा)

(प्रश्न 8 मा "2. सिक्न चाहन्छु तर सक्दिनँ" भन्ने उत्तर दिने व्यक्तिहरूले मात्र यो प्रश्नको उत्तर दिनुहोस्)

| |
|---|
| 1. जापानी नागरिकसँग कुराकानी गर्दै अध्ययन गर्न सक्ने वातावरण |
| 2. तुरुन्तै प्रयोग गर्ने सकिने कुराकानी अध्ययन गर्न सक्ने वातावरण |
| 3. घर वा कार्यस्थल नजिकै अध्ययन गर्न सक्ने वातावरण |
| 4. इन्टरनेट वा एप्लिकेसनमा आफूले चाहेको बेला अध्ययन गर्न सक्ने वातावरण |
| 5. शुल्क महँगो भए पनि उच्च गुणस्तरको जापानी भाषा अध्ययन गर्न सक्ने विद्यालय वा क्लास |
| 6. शुल्क सस्तो सार्वजनिक निकाय आदिद्वारा सञ्चालित जापानी भाषा विद्यालय वा क्लास |
| 7. बच्चाको जिम्मा दिएर अध्ययन गर्न सक्ने वातावरण |
| 8. अन्य (विस्तृत विवरण: ) |
| 9. छैन |

प्रश्न 11 तपाईंलाई कत्तिको अंग्रेजी भाषा आउँछ? (प्रत्येकमा एउटा मात्र)

| | |
|---|---|
| ▼बोलाइ | 1. समस्या बिना बोल्न सक्छु<br>2. दैनिक जीवनमा समस्या नहुने स्तरमा बोल्न सक्छु<br>3. बिस्तारै छोटो कुराकानी गर्न सक्छु<br>4. शब्द भन्न सक्छु<br>5. बोल्न सक्दिनँ |
| ▼सुनाइ | 1. समस्या बिना सुनेर बुझ्न सक्छु<br>2. दैनिक जीवनमा समस्या नहुने स्तरमा सुनेर बुझ्न सक्छु<br>3. अरूले बिस्तारै बोलेको सुनेर बुझ्न सक्छु<br>4. शब्द सुनेर बुझ्न सक्छु<br>5. बुझ्न सक्दिनँ |
| ▼लेखाइ | 1. समस्या बिना लेख्न सक्छु<br>2. दैनिक जीवनमा समस्या नहुने स्तरमा लेख्न सक्छु<br>3. सजिलो वाक्य लेख्न सक्छु<br>4. शब्द लेख्न सक्छु<br>5. लेख्न सक्दिनँ |
| ▼पढाइ | 1. समस्या बिना पढ्न सक्छु<br>2. दैनिक जीवनमा समस्या नहुने स्तरमा पढ्न सक्छु<br>3. सजिलो वाक्य पढ्न सक्छु<br>4. शब्द पढ्न सक्छु<br>5. पढ्न सक्दिनँ |

3. आवास

प्रश्न 12 तपाईं जापानमा कति समय बसोबास गरिरहनुभएको छ? (एउटा मात्र)

| |
|---|
| 1. 1 वर्ष भन्दा कम<br>2. 1 वर्ष~3 वर्ष भन्दा कम<br>3. 3 वर्ष~5 वर्ष भन्दा कम<br>4. 5 वर्ष~10 वर्ष भन्दा कम<br>5. 10 वर्ष~20 वर्ष भन्दा कम<br>6. 20 वर्ष वा सोभन्दा बढी |

प्रश्न 13 तपाईं कस्तो आवासमा बसोबास गरिरहनुभएको छ? (एउटा मात्र)

| |
|---|
| 1. निजी घर (एकल घर, मान्सन)<br>2. निजी भाडाको आवास (एकल घर, मान्सन, अपार्टमेन्ट)<br>3. कम्पनी वा विद्यालयको आवास, डोमेट्री, कम्पनीले प्रदान गरेको आवास (यसमा कम्पनीले भाडामा लिएको अपार्टमेन्ट पनि पर्छ)<br>4. सहर वा जिल्लाद्वारा सञ्चालित आवास जस्ता सार्वजनिक निकायद्वारा सञ्चालित आवास<br>5. अन्य (विस्तृत विवरण: ) |

प्रश्न 14 जब तपाईं आफ्नो हालको आवास खोज्दै हुनुहुन्थ्यो, तपाईंले पहिलो पटक कहाँबाट जानकारी प्राप्त गर्नुभयो?(एउटा मात्र)

| |
|---|
| 1. घर जग्गा एजेन्सीहरूको भ्रमण गर्दै |
| 2. आवास जानकारी पत्रिकाहरू पढ्ने (छापिएको सञ्चार माध्यम) |
| 3. वेबसाइटहरू ब्राउज गर्दै |
| 4. साथी वा चिनेको मान्छेको परिचय मार्फत |
| 5. कम्पनी वा विद्यालयको परिचय मार्फत |
| 6. NPO जस्ता सहयोगी संस्थाको परिचय मार्फत |
| 7. अन्य (विस्तृत विवरण: ) |

प्रश्न 15 विगतमा तपाईंलाई आवास खोज्दा समस्या भएको छ? अथवा हाल समस्या भइरहेको कुरा छ? (शीर्ष 3 वटासम्म)

| |
|---|
| 1. घर भाडा, डिपोजिट र की मनी महँगो छ |
| 2. ग्यारेन्टर छैन |
| 3. विदेशी भएको कारण आवास अस्वीकार गरिन्छ |
| 4. डिपोजिट, एजेन्सीको कमिसन जस्ता प्रक्रिया र चलनहरू बुझ्दिनँ |
| 5. घरजग्गा एजेन्सीको काउन्टरको मान्छेले भनेको कुरा बुझ्दिनँ |
| 6. आवाससँग सम्बन्धित जानकारी प्राप्त गर्न सकिँदैन |
| 7. अन्य (विस्तृत विवरण: ) |
| 8. छैन |

4. बसोबास

प्रश्न 16 तपाईंलाई सेन्दाइ सहरमा बसोबास गर्न सजिलो छ? (एउटा मात्र)

| |
|---|
| 1. बसोबास गर्न सजिलो छ |
| 2. कुनै एक भन्नु पर्दा बसोबास गर्न सजिलो छ |
| 3. कुनै एक भन्नु पर्दा बसोबास गर्न गाह्रो छ |
| 4. बसोबास गर्न गाह्रो छ |
| 5. थाहा छैन |

प्रश्न 17 तपाईंलाई सेन्दाइ सहरको बसोबासको क्रममा राम्रो लागेका पक्षहरू र बसोबास गर्न सजिला लागेका कुराहरू के के हुन्? (मिल्ने विकल्पहरू सबै)

1. परिवार, साथी र चिनेको मान्छेहरू छन्
2. प्राकृतिक वातावरणले भरिपूर्ण छ
3. विद्यालय र काममा आवतजावत, किनमेल जस्ता दैनिक जीवनका कुराहरू गर्न सुविधाजनक छ
4. रमाइलो गरेर घुमफिर गर्न सकिने ठाउँहरू धेरै छन्
5. स्थानीयहरूसँगको सम्बन्ध राम्रो छ
6. सुरक्षा स्थिति राम्रो छ (सुरक्षित र ढुक्क हुन सकिन्छ)
7. चिकित्सा र कल्याण सेवा पर्याप्त उपलब्ध छ
8. बच्चाहरूको शैक्षिक वातावरण पर्याप्त छ
9. आफूलाई मिल्ने काम छ
10. आफूले अध्ययन गर्न चाहेको विद्यालय छ
11. खेलकुद तथा सांस्कृतिक सुविधा पर्याप्त छ
12. घर भाडा, जग्गा भाडा जस्ता दैनिक जीवनमा लाग्ने खर्च सस्तो छ
13. विपद् रोकथामको दृष्टिकोणबाट ढुक्क हुन सकिन्छ
14. अन्य (विस्तृत विवरण: )
15. राम्रो लागेको पक्ष छैन

प्रश्न 18 तपाईं आउने दिनहरूमा पनि सेन्दाइ सहर वा जापानमा निरन्तर बसोबास गरिरहन चाहनुहुन्छ? (एउटा मात्र)

1. सेन्दाइ सहर भित्र बसोबास गरिरहन चाहन्छु
2. सेन्दाइ सहर भित्र वा बाहिर भन्ने कुरा थाहा छैन तर जापानमा बसोबास गरिरहन चाहन्छु
3. कुनै दिन अन्त जान्छु
4. निरन्तर बसोबास गरिरहन चाहँदिनँ
5. थाहा छैन

प्रश्न 19 जापानमा बसोबास गरिरहेका विदेशी नागरिकहरूले पनि निवासी कर जस्ता कर सम्बन्धी सूचना कार्ड प्राप्त गरेका व्यक्तिहरूले कर भुक्तानी गर्नुपर्छ। तपाईंलाई निवासी कर जस्ता करहरू भुक्तानी गर्नुपर्ने कुरा थाहा छ? (एउटा मात्र)

1. थाहा छ
2. थाहा छैन

प्रश्न 20 विदेशी नागरिक लगायत जापानमा बसोबास गर्ने व्यक्तिहरूले ढुक्क भएर चिकित्सा सेवा प्राप्त गर्न सकून भन्ने उद्देश्यले जुनसुकै राष्ट्रियता वा उमेरको व्यक्ति भए तापनि सबैजना चिकित्सा बीमामा आबद्ध हुने कुरालाई अनिवार्य गरिएको छ। तपाईंलाई चिकित्सा बीमामा आबद्ध हुनुपर्ने कुरा थाहा छ? (एउटा मात्र)

1. थाहा छ
2. थाहा छैन

प्रश्न 21 तपाईंले अहिलेसम्म सेन्दाइ सहरमा दैनिक जीवन बिताउने क्रममा अप्ठेरो परेको अनुभव वा समस्या भएको अनुभव गर्नुभएको छ? साथै त्यसको कारण के हो? (मिल्ने विकल्पहरू सबै)

| |
|---|
| 1. आफू बसोबास गरिरहेको समुदायको मान्छेहरूको भाषा नबुझेर अप्ठेरो परेको/ समस्या भएको थियो |
| 2. संस्कृति, चलन र धर्मको भिन्नताको कारण अप्ठेरो परेको/ समस्या भएको थियो |
| 3. फोहोर छुट्याउने तरिका र फाल्नको लागि निकाल्ने तरिका नबुझेर अप्ठेरो परेको/ समस्या भएको थियो |
| 4. सवारी साधन, साइकल आदिको ट्राफिक नियमहरू नबुझेर अप्ठेरो परेको/ समस्या भएको थियो |
| 5. चिकित्सा र बीमा प्रणालीको संरचना तथा प्रक्रिया नबुझेर अप्ठेरो परेको/ समस्या भएको थियो |
| 6. कर र पेन्सन प्रणालीको संरचना तथा भुक्तानी विधि नबुझेर अप्ठेरो परेको/ समस्या भएको थियो |
| 7. प्रसूति र शिशु स्याहार प्रणाली तथा प्रक्रिया नबुझेर अप्ठेरो परेको/ समस्या भएको थियो |
| 8. अन्य (विस्तृत विवरण: ) |
| 9. अप्ठेरो परेको वा समस्या भएको छैन |

प्रश्न 22 तपाईं सेन्दाइ सहरमा दैनिक जीवन बिताउने क्रममा अप्ठेरो परेको बेला वा समस्या भएको बेला कोसँग (कहाँ) परामर्श गर्नुहुन्छ? (शीर्ष 3 वटासम्म चयन गरी पहिलो, दोस्रो र तेस्रोको क्रममा)

| |
|---|
| 1. आफ्नो देशको साथी वा चिनेको मान्छे 2. परिवार 3. विद्यालय वा कार्यस्थलको मान्छे |
| 4. जापानी साथी वा चिनेको मान्छे 5. छिमेकमा बसोबास गरिरहेको जापानी नागरिक |
| 6. दूतावास वा वाणिज्य दूतावास 7. नागरिक संगठन |
| 8. सहर कार्यालय, वडा कार्यालय जस्ता सरकारी कार्यालय |
| 9. सेन्दाइ बहुसांस्कृतिक समाज केन्द्र (SenTIA) |
| 10. अन्य (विस्तृत विवरण: ) |
| 11. परामर्श गर्ने व्यक्ति छैन |

5. जानकारी

प्रश्न 23 तपाईंले दैनिक जीवनमा आवश्यक जानकारी कहाँबाट प्राप्त गरिरहनुभएको छ? (शीर्ष 3 वटासम्म चयन गरी पहिलो, दोस्रो र तेस्रोको क्रममा)

| |
|---|
| 1. सँगै बसोबास गरिरहेको परिवार |
| 2. जापानी साथी वा चिनेको मान्छे, छिमेकी |
| 3. जापानी नागरिक बाहेकको साथी वा चिनेको मान्छे |
| 4. विद्यालयको शिक्षक वा कार्यस्थलको सहकर्मी |
| 5. जापानको जानकारी सामाजिक सञ्जाल (SNS) आदिमा मातृभाषामा प्रसारण गरिरहेका सेलिब्रेटी (इन्फ्लुएन्सर, youtuber आदि) |
| 6. मातृभाषामा प्रयोग गरिरहेको सामाजिक सञ्जाल (SNS) (ठोस नाम: ) |
| 7. जापानी भाषा क्लास |
| 8. सहर कार्यालयको काउन्टर, होमपेज, सामाजिक सञ्जाल (SNS), सहर भित्रको जानकारी मुलक म्यागजिन (सिसेदायोरी) |
| 9. सेन्दाइ बहुसांस्कृतिक समाज केन्द्र (SenTIA) को काउन्टर, होमपेज, सामाजिक सञ्जाल (SNS) |
| 10. टेलिभिजन, पत्रिका, रेडियो, म्याग्जिन |
| 11. अन्य (विस्तृत विवरण: ) |

प्रश्न 24 दैनिक जीवनमा आवश्यक जानकारी प्राप्त गर्न खोजेको बेला तपाईं कस्तो सहयोग चाहनुहुन्छ? (शीर्ष 3 वटासम्म चयन गरी पहिलो, दोस्रो र तेस्रोको क्रममा)

| |
|---|
| 1. सजिलो जापानी भाषामा प्रदान गरिएको जानकारी |
| 2. अंग्रेजी भाषामा प्रदान गरिएको जानकारी |
| 3. मातृभाषा (अंग्रेजी भाषा बाहेक) मा प्रदान गरिएको जानकारी |
| 4. फोन नम्बर नचाहिने इन्टरनेट फोन (ठोस नाम: ) मार्फत सोधपुछ |
| 5. इमेल वा सामाजिक सञ्जाल (SNS) (ठोस नाम: ) मार्फत सोधपुछ |
| 6. अन्य (विस्तृत विवरण: ) |
| 7. छैन |

6. कल्याण तथा चिकित्सा

प्रश्न 25 तपाईं वा तपाईंको परिवारको सदस्यलाई रोग वा चोट लागेर अस्पताल जानु परेको बेला के गर्नुहुन्छ? (एउटा मात्र)

| |
|---|
| 1. एक्लै अस्पतालमा जान्छु |
| 2. परिवारको सदस्यसँग अस्पतालमा जान्छु |
| 3. परिवार बाहेकको व्यक्तिसँग अस्पतालमा जान्छु |
| 4. अस्पतालमा जान चाहन्छु तर जाने तरिका थाहा नहुनाले समस्या भइरहेको छ |
| 5. अस्पतालमा नगईकन औषधि सेवन गर्छु |
| 6. केही पनि गर्दिनँ |
| 7. थाहा छैन |

प्रश्न 26 आफू वा परिवारको सदस्यलाई रोग वा चोट लागेको बेला समस्या पर्ने कुरा के हो? (शीर्ष 3 वटासम्म चयन गरी पहिलो, दोस्रो र तेस्रोको क्रममा)

| |
|---|
| 1. जापानी भाषा बोल्न नसक्ने हुनाले अस्पतालमा नाम लेखाउन र जँचाउन सक्दिनँ |
| 2. विभिन्न प्रकारका अस्पतालहरू हुनाले खोज्ने तरिका थाहा छैन |
| 3. जापानी भाषा पढ्न र लेख्न नसक्ने हुनाले अस्पतालको कागजी प्रक्रिया गर्न सक्दिनँ |
| 4. आफूलाई दिइएको औषधि प्रयोग गर्ने तरिका थाहा हुँदैन |
| 5. चिकित्सा शुल्क अत्यन्तै महँगो छ |
| 6. आफ्नो देशमा भन्दा फरक चिकित्सा सेवा प्रदान गरिने कुराबारे चिन्ता लाग्छ |
| 7. अन्य (विस्तृत विवरण: ) |
| 8. समस्या छैन |

7.बच्चाको पालनपोषण र शिक्षा

प्रश्न 27 के तपाईंका बच्चाहरू छन्? (एउटा मात्रै छान्नुहोस)

1. छ (प्रश्न 28 मा जानुहोस्)
2. छैन (प्रश्न 31 मा जानुहोस्)

प्रश्न 28 तपाईंको बच्चाहरू कस्तो नर्सरी स्कुल, किन्डरगार्टन वा विद्यालयमा गइरहेका छन्? (मिल्ने विकल्पहरू सबै)

1. कुनैमा पनि गइरहेका छैनन् ( वर्ष*उमेर लेख्ने कुरा ऐच्छिक)
2. नर्सरी स्कुल 3. किन्डरगार्टन 4. प्राथमिक विद्यालय 5. निम्न माध्यमिक विद्यालय
6. उच्च माध्यमिक विद्यालय 7. भोकेसनल विद्यालय 8. इन्टरनेसनल स्कुल
9. अन्य (विस्तृत विवरण: )

प्रश्न 29 तपाईंलाई आफ्नो बच्चा हुर्काउन वा बच्चाको शिक्षा सम्बन्धी कुनै कुरामा समस्या वा चिन्ता लागेको छ? (शीर्ष 3 वटासम्म)

1. परामर्श गर्न सक्ने मान्छे वा ठाउँ छैन
2. जापानी भाषा नआउने हुनाले शिक्षक र आफ्नो बच्चासँग राम्रोसँग कम्यूनिकेसन गर्न सक्दिनँ
3. जापानी भाषा नआउने हुनाले नर्सरी स्कुल, किन्डरगार्टन वा विद्यालयमा सम्पर्क गर्न सक्दिनँ
4. जापानको शिशु स्याहार र शिक्षा प्रणाली बुझ्दिनँ
5. मातृशिशु स्वास्थ्य पुस्तिका र कसरी खोप लगाउने भन्ने कुरा थाहा छैन
6. नर्सरी स्कुल, किन्डरगार्टन वा विद्यालयमा भर्ना प्रक्रिया थाहा छैन
7. काम गर्न चाहन्छु तर बच्चा राख्ने ठाउँ पाइदैन
8. बच्चा हुर्काउन र शिक्षा दिन खर्च लाग्छ
9. अन्य (विस्तृत विवरण: )
10. छैन

प्रश्न 30 तपाईंलाई विदेशी नागरिकको बालबालिका वा विद्यार्थीहरू ढुक्क भएर विद्यालयमा जान सक्ने बनाउनको लागि आउने दिनहरूमा कस्तो शैक्षिक तथा दैनिक जीवन सहयोग बढाउनुपर्छ जस्तो लाग्छ? (शीर्ष 3 वटासम्म)

1. प्रत्येक बालबालिका वा विद्यार्थीहरुलाई बिधालयको अध्यन र जापानी भाषा सिकाउन सहायता गर्ने
2. विभिन्न भाषाहरूमा अध्ययन मार्गदर्शन र दैनिक जीवन मार्गदर्शन दिने
3. विद्यालयमा हलाल र शाकाहारी खाना आदि प्रदान गर्ने
4. अध्ययन सामग्री भाडामा दिने वा आयको आधारमा विद्यालयको खाना शुल्कमा छुट दिई आर्थिक भार कम गर्ने
5. शिक्षकसँग कुराकानी गर्दा सहयोग गर्ने (दोभाषे सहयोग आदि)
6. जापानी भाषा नआउने अभिभावकहरूको लागि सहयोग गर्ने (जापानी भाषा शिक्षा आदि)
7. इन्टरनेसनल स्कुलको संख्या बढाउने
8. अन्य (विस्तृत विवरण: )
9. छैन

8. काम

प्रश्न 31 तपाईंले हालको काम कसरी भेटाउनुभयो? (एउटा मात्र)

| |
|---|
| 1. परिवारको सदस्यको परिचय मार्फत (यसमा बुबाआमाको कामलाई निरन्तरता दिइरहेको वा परिवारको काममा सहयोग गरिरहेको अवस्था पनि पर्छ) |
| 2. पत्रिका, रोजगार म्याग्जिन, पर्चा, होमपेजबाट आवेदन |
| 3. विद्यालयको परिचय मार्फत |
| 4. आफ्नो देशको साथी वा चिनेको मान्छेको परिचय मार्फत |
| 5. जापानी साथी वा चिनेको मान्छेको परिचय मार्फत |
| 6. सार्वजनिक रोजगार सुरक्षा कार्यालय (हलोवर्क) को परिचय मार्फत |
| 7. कामको परिचय गराउने निजी कम्पनीको परिचय मार्फत |
| 8. आफैले स्थापना |
| 9. अन्य (विस्तृत विवरण: ) |
| 10. हाल काम गरेको छैन |

प्रश्न 32 तपाईंलाई काममा के कुराको समस्या भइरहेको छ वा तपाईं के कुरामा असन्तुष्ट हुनुहुन्छ? (शीर्ष 3 वटासम्म)

| |
|---|
| 1. जापानी भाषा बोल्न नसक्ने हुनाले कार्यस्थलको मान्छेहरूसँग राम्रोसँग कुराकानी गर्न सक्दिनँ |
| 2. तलब कम छ |
| 3. रोजगार अवधि छोटो छ |
| 4. काम गर्ने समय लामो छ |
| 5. कहिले कामबाट निकालिन्छ भन्ने कुराको चिन्ता लाग्छ |
| 6. स्थायी कर्मचारी हुन सकिँदैन अथवा बढुवा पाउन सकिँदैन |
| 7. जापानी नागरिक र म एकअर्काको विचार बुझ्न सक्दैनौं |
| 8. हाकिम र सहकर्मीहरूसँगको मेरो सम्बन्ध राम्रो भइरहेको छैन |
| 9. आफूलाई विदेशी नागरिकको रूपमा भेदभाव गरिएको महसुस हुन्छ |
| 10. यो मैले चाहे अनुसारको कामको प्रकार र उद्योग होइन |
| 11. आफ्नो मातृभाषाको उपयोग गर्न सक्ने काम कम छ |
| 12. अन्य (विस्तृत विवरण: ) |
| 13. छैन |

9. विपद् रोकथाम तथा संकट व्यवस्थापन

प्रश्न 33 तपाईंलाई भूकम्प वा ताइफुन आदिबाट हुने ठूलो वर्षा जस्ता विपद्हरूको कस्तो कुराबारे चिन्ता हुन्छ?(शीर्ष 3 वटासम्म)

| |
|---|
| 1. विपद्को बेला कस्तो कुरा गर्दा राम्रो हुन्छ भन्ने कुराको ज्ञान छैन |
| 2. जापानी भाषा नआउने हुनाले विपद्को बेलाको चेतावनी वा सूचना बुझ्न सक्दिनँ |
| 3. विदेशी भाषामा दिइने जानकारी कहाँ प्राप्त गर्न सकिन्छ भन्ने कुरा थाहा छैन |
| 4. आश्रय लिने र सुरक्षा सुनिश्चित गर्ने तरिका थाहा छैन |
| 5. आफू वरिपरि विपद्को बेला भर पर्न सक्ने मान्छे छैन |
| 6. विपद् रोकथामको लागि के तयारी गर्दा राम्रो हुन्छ भन्ने कुरा थाहा छैन |
| 7. अन्य (विस्तृत विवरण: ) |
| 8. चिन्ता छैन |

प्रश्न 34 तपाईं दैनिक रूपमा विपद् आएको अवस्थाको लागि कस्तो तयारी गरिरहनुभएको छ? (मिल्ने विकल्पहरू सबै)

| |
|---|
| 1. गरेको छैन |
| 2. विपद्सँग सम्बन्धित ज्ञान हासिल गरिरहेको छु |
| 3. विपद् रोकथामका सामग्रीहरू तयारी गरिरहेको छु |
| 4. आश्रय स्थल र सुरक्षित ठाउँमा जाने बाटो निश्चय गरिरहेको छु |
| 5. मातृभाषामा जानकारी प्रदान गर्ने सञ्चार माध्यम निश्चय गरिरहेको छु |
| 6. दैनिक रूपमा छिमेकीहरूसँग जानकारी आदानप्रदान गरिरहेको छु |
| 7. विपद् रोकथामको तालिममा भाग लिइरहेको छु |
| 8. जापानी भाषा अध्ययन गरिरहेको छु |
| 9. अन्य (विस्तृत विवरण: ) |

10. स्थानीयसँगको जानकारी आदानप्रदान

प्रश्न 35 तपाईं आफ्नो समुदायमा बसोबास गर्ने जापानी नागरिकसँग दैनिक रूपमा कस्तो जानकारी आदानप्रदान (कुराकानी) गर्नुहुन्छ? (मिल्ने विकल्पहरू सबै)

| |
|---|
| 1. गर्दिनँ |
| 2. रुचि र स्थानीय गतिविधिहरूमा जानकारी आदानप्रदान हुन्छ |
| 3. काम वा विद्यालयमा अन्तरक्रिया हुन्छ |
| 4. छिमेकमा बसोबास गर्ने मान्छेहरूसँग अभिवादन गर्ने स्तरको सम्बन्ध छ |
| 5. छिमेकमा वा सहरमा कहिलेकाहीँ देखिन्छ |
| 6. अन्य (विस्तृत विवरण: ) |

प्रश्न 36 तपाईं स्थानीय विद्यालय वा संस्थाहरूसँग कस्तो जानकारी आदानप्रदान गरेर हेर्न चाहनुहुन्छ? (शीर्ष 3 वटासम्म)

| |
|---|
| 1. जापानको संस्कृति र चलनहरू अध्ययन गर्न चाहन्छु<br>2. आफ्नो देशको संस्कृति र भाषा, खाना आदिबारे स्थानीय विद्यालय वा संस्थाहरूलाई जानकारी दिन चाहन्छु<br>3. चाडपर्व (माचुरी), विपद् रोकथामको तालिम जस्ता स्थानीय समुदायको इभेन्टहरूमा भाग लिन चाहन्छु ○ मैले गरिरहेको अनुसन्धान आदिको ज्ञान स्थानीयहरू माझ प्रस्तुत गरी, आकर्षण र सक्रियता बढाउने गतिविधि गर्न चाहन्छु<br>4. दोभाषे, अनुवाद जस्ता आफ्नो क्षमताको उपयोग गर्न सक्ने गतिविधिहरू गरेर हेर्न चाहन्छु<br>5. अन्य (विस्तृत विवरण: )<br>6. छैन |

प्रश्न 37 तपाईंले स्थानीय विद्यालय वा संस्थाहरूसँग जानकारी आदानप्रदान नगर्नुको कारण वा तपाईंलाई समस्या भइरहेको कुरा छ? (शीर्ष 3 वटासम्म)

| |
|---|
| 1. कस्ता अवसरहरू छन् भन्ने कुरा थाहा छैन<br>2. एकअर्काले बोलेको भाषा बुझिन्छ वा बुझिँदैन भन्ने कुराको चिन्ता लाग्छ<br>3. समय नभएर जानकारी आदानप्रदान गर्न सक्दिनँ<br>4. चिनेको मान्छे नहुनाले चिन्ता लाग्छ<br>5. स्थानीयहरूले आफूलाई स्विकार गर्छन् वा गर्दैनन् भन्ने कुराको चिन्ता लाग्छ<br>6. भाग लिँदा खर्च (यातायात खर्च आदि) लाग्छ<br>7. अन्य (विस्तृत विवरण: )<br>8. छैन |

11. प्रशासनिक सेवा

प्रश्न 38 सहर कार्यालयको काउन्टरमा जान खोजेको बेला विगतमा तपाईंलाई कुनै समस्या भएको छ? (शीर्ष 3 वटासम्म चयन गरी पहिलो, दोस्रो र तेस्रोको क्रममा)

| |
|---|
| 1. कागजात सजिलो जापानी भाषा वा विभिन्न भाषाहरूमा नभएकोले समस्या पर्‍यो<br>2. विदेशी भाषामा संकेत नराखिएको हुनाले कुन काउन्टरमा जाँदा राम्रो हुन्छ भन्ने कुरा थाहा नभएकोले अलमलमा परें<br>3. एकअर्काले बोलेको भाषा नबुझेर कर्मचारीसँग कुराकानी गर्नलाई समस्या पर्‍यो<br>4. कर्मचारीले धेरै प्राविधिक (गाह्रो) शब्दहरू भनेकोले समस्या पर्‍यो<br>5. अन्य (विस्तृत विवरण: )<br>6. छैन |

12. अन्य

प्रश्न 39 अन्त्यमा आगामी दिनहरूमा सेन्दाइ सहरले गिरदिए हुन्थ्यो जस्तो लागेका कुराहरू, प्रश्नावलीको विषयमा नलेखिएको तर समस्या परिरहेका कुराहरू आदि स्वतन्त्र रूपमा लेख्नुहोस्।

आर्थिक वर्ष 2025 "सेन्दाई शहर विदेशी बासिन्दाहरूको वास्तविक अवस्था सर्वेक्षण" सर्वेक्षण परिणाम प्रतिवेदन [सारांश संस्करण]
सन् 2026 जनवरी महिनामा विविधता प्रवर्द्धन विभाग, नीति योजना विभाग, शहरी योजना नीति ब्यूरो, सेन्दाई शहर द्वारा प्रकाशित
〒980-8671　सेन्दाई शहर आओबा वार्ड कोकुबुन्च्यो 3-7-1